# नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले मिति २०८१, असार २७ गतेका दिन गभर्नर महाप्रसाद अधिकारीज्यूको समुपस्थितिमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि नियमनकारी/सुपरिवेक्षकीय निकाय तथा अनुसन्धानकारी निकायकाहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर अधिकारीज्यूले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले हासिल गरेको उपलब्धिलाई प्रकाश पार्दै, पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका नियामकीय तथा सुपरिवेक्षकीय सुधारका लागि सम्पूर्ण नियमनकारी, सुपरिवेक्षकीय तथा अनुसन्धानकारी निकायहरु बीच सहकार्य तथा समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता संजीवराज रेग्मीज्यू र नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलज्यूले दुइवटा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । नायव महान्यायाधिवक्ता रेग्मीज्यूले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण प्रणालीमा अनुसन्धान तथा अभियोजनकारी निकायको भूमिका र अपेक्षा बारे प्रकाश पार्दै अनुसन्धान तथा अभियोजन कार्यलाई थप प्रभावकारी बनाउन विभिन्न सूचक संस्था, नियमनकारी निकायहरु बीच आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता औंल्याउनु भएको थियो । कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय र सुपरिवेक्षकीय निकायहरुको भूमिका र अपेक्षा बारे प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तर्राष्ट्रिय मापदण्डहरुको कार्यान्वयनमा बैंकिङ्ग क्षेत्र अगाडी रहेको बताउनुभयो ।



उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय लगायतका निकायहरुबाट अतिथि पाल्नु भएको थियो । सहभागी सदस्यको रुपमा विभिन्न वित्तीय संस्था तथा गैरवित्तीय पेशाकर्मी/व्यवसायीका नियमनकारी/सुपरिवेक्षकीय निकायहरु, नेपाल राष्ट्र बैंक अन्तर्गतका विभिन्न विभागहरु, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजश्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय

र नेपाल कानून व्यवसायी परिषद्बाट प्रतिनिधि/कर्मचारीको सहभागिता रहेको थियो। कार्यक्रममा अनुसन्धानकारी निकायका तर्फबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरो, तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका साथै राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको प्राविधिक सत्रमा दुईवटा प्रस्तुती भैसकेपछि उपस्थित सम्पूर्ण सहभागीहरुबीच एकापसका अपेक्षा र भूमिकाबारे अन्तरक्रिया र छलफल गरिएको थियो।




कार्यक्रमको उद्घाटन सत्रलाई औपचारिक रुपमा स्वागत गर्दै वित्तीय जानकारी इकाईका प्रमुख श्री दीर्घ बहादुर रावलले कार्यक्रमको आवश्यकता र औचित्यता  माथि प्रकाश पार्नु भएको थियो। साथै, कार्यक्रमको अन्त्यमा इकाई प्रमुख रावलले सबै नियामकीय तथा सुपरिवेक्षकीय निकायका सहभागीहरुलाई सक्रिय सहभागीताका लागि धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन इकाईका उप-निर्देशक श्री स्वरुप श्रेष्ठले गर्नुभएको थियो।